# आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रम

**आदरणीय गाउँपालिका अध्यक्ष ज्यू, गाउँकार्यपालिका सदस्य ज्यू, गाउँसभाका सदस्य ज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य उपस्थित महानुभावहरुः**

१. दुप्चेश्वर गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७७।७८ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

२. यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान हुने वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलकको अग्रगामी परिवर्तनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सबै राजनीतिक अग्रजप्रति सम्मान व्यक्त गर्दछु ।साथै कोरोना भाइरसको कारण अमूल्य मानव जीवन उत्सर्ग गर्नुहुने दाजुभाइ दिदीबहिनी प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । संक्रमित हुनुभएका यस गाउँपालिकाका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकार नीति तथा कार्यक्रम,चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, संघीय प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसैगरी राजनीतिक दलका स्थानीय नेतृत्वका सुझाव, विगतका पाठ, कोरोनाका कारण उत्पन्न विषम परिस्थिति र आगामी दिनमा गरिनुपर्ने पहलकदमी, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र लगायतबाट प्राप्त राय, सल्लाह, सुझावहरुलाई समेट्दै आगामी आ.व. २०७७।७८ को बजेट तर्जुमा गरिएको छ ।

४. सिमित स्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकिने यथार्थता हामी माझ छ ।आन्तरिक स्रोतको पर्याप्तताको अभाव, संघीय प्रदेश अनुदानमा निर्भर रही प्राप्त स्रोतको अधिकतम् उपयोग गरी लक्षित उद्देश्य प्राप्त गर्नुपर्ने यथार्थता हामी माझ छ त्यसैबीच विश्वव्यापी कोभिड-१९ को प्रकोपले झन् आर्थिक, मानसिक दरार उत्पन्न गराएको छ । यी यावत् चुनौतीहरुलाई पाखा लगाउँदै **समृद्ध दुप्चेश्वर, सुखी दुप्चेश्वरवासी**को सपना साकार पार्ने अवसर सिर्जना गर्नु आजको आवश्यकता हो ।

५. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रीत गरेको छु ।

६. यस बजेटमा गाउँपालिकाको क्षेत्राधिकारभित्रका कर तथा गैरकर र राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ ।निर्धारित समयमै कार्यक्रमको नतिजामूलक कार्यान्वयनको लागि निर्माणाधिन योजनाहरुलाई यथाशक्य छिटो सम्पन्न गर्ने गरी बजेटको व्यवस्था गरेको छु ।

७. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु ।स्रोतको सुनिश्चितता गरी बजेटलाई वस्तुपरक र कार्यान्वयन योग्य बनाइएको छ ।

**सभाका आदरणीय अध्यक्ष ज्यू,**

८. आगामी आ.व. २०७७।७८ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ । **समृद्ध दुप्चेश्वर, सुखी दुप्चेश्वरवासी** भन्ने हाम्रो लक्ष्य हासिल गर्नको लागि बलियो आधार तयार गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्य देहाय अनुसार रहेका छन्

- ❖ शिक्षा क्षेत्रमा आन्तरिक लगानी बृद्धि गरी कोरोना लगायत अन्य विषम परिस्थितिमा वैकल्पिक प्रविधिको प्रयोग गरी सबैको पहुँचमा गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्ने ।
- ❖ कृषि बालीमा उपज अनुदान, पशु विमा, धानबाली र बाँझो जमिनमा खेती कार्यलाई प्रोत्साहन गर्दै **कृषि निर्भर दुप्चेश्वर** निर्माण गर्ने ।
- ❖ गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको विकास गरी लक्ष्य प्राप्ति गर्ने ।
- ❖ स्थानीय उपलब्ध स्रोत, अवसर र क्षमताको अधिकतम् उपयोग गरी गाउँपालिकाको समग्र विकास गर्ने ।
- ❖ गाउँपालिकाको समग्र सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याउने ।

९. यस बजेटका प्राथमिकताहरु देहाय अनुसार रहेका छन्

- ❖ कोभिड-१९ का कारण गाउँ फर्किएका र फर्कन चाहने नागरिक र गाउँपालिकावासीहरुको स्वास्थ्य सुरक्षा गर्ने ।
- ❖ गाउँपालिकाको शिक्षा प्रणालीमा परिमाणात्मक र गुणात्मक सुधार गर्ने ।
- ❖ क्रमागतरुपमा सञ्चालनमा रहेका आयोजनाहरुको निर्माण कार्य पूरा गर्ने ।
- ❖ कृषि, पर्या-पर्यटन, होमस्टे आदिका माध्यमबाट आर्थिक परनिर्भरता कम गर्दै जाने ।
- ❖ गाउँपालिकाको मुहार फेर्ने नयाँ आयोजना/कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ समावेशी विकास, दिगो विकास, लैंगिक समानता, सामाजिक न्याय, वातावरण संरक्षण, सुशासन लगायत विकास समसामयिक मुद्दाहरुलाई निरन्तर सम्बोधन गर्ने ।

१०. गाउँपालिकाले बजेटका उद्देश्य हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहअस्तित्व, साझेदारी र समन्वय गर्नेछ । गाउँपालिकामा उपलब्ध पुँजी, सीप र

क्षमताको प्रभावकारी उपयोग गर्न विकास साझेदार, सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिनेछ ।

**आदरणीय अध्यक्ष ज्यू,**
**अब म चालु आ.व. २०७६।७७ को हालसम्मको यथार्थ आयव्यय तर्फको छोटकरीमा समीक्षा विवरण प्रस्तुत गर्न चाहन्छु ।**

११. चालु आ.व. मा नेपाल सरकार वित्तीय समानीकरण तर्फ रु ८ करोड ५४ लाख, नेपाल सरकार शसर्त अनुदान तर्फ रु १५ करोड १४ लाख ७९ हजार, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रु ९९ लाख ३१ हजार, प्रदेश सरकार शसर्त अनुदान रु १ करोड २२ लाख ९६ हजार, नेपाल सरकार राजस्व बाँडफाँड बाट रु ७ करोड ३४ लाख, प्रदेश सरकार राजस्व बाँडफाँडबाट रु १ करोड ४५ लाख २४ हजार, नेपाल सरकार समपुरक अनुदान रु १ करोड, प्रदेश सरकार समपुरक अनुदान रु २ करोड ९८ लाख ७७ हजार ९९० तथा प्रदेश विषेश अनुदान बापत रु ७५ लाख, जिल्ला समन्वय समितिबाट १ करोड ६९ लाख ७० हजार ७२, वन तथा पर्वतारोहण रोयल्टीबाट १२ लाख ५ हजार ६ सय ४३, सडक बोर्डबाट रु. १० लाख, मालपोल कार्यालयबाट राजस्व वाडफाँडबाट रु २ लाख ५६ हजार र आन्तरिक आम्दानी २९ लाख १ हजार २ सय ३१ गरी जम्मा रु ४१ करोड ६७ लाख ४० हजार ९ सय ३६ रुपैया पैसा ३ अनुदान प्राप्त हुने भनिएकोमा हालसम्म संघीय सरकार राजस्व वाँडफाँडबाट रु ३६ करोड २१ लाख ७ हजार ४ सय ६७ रुपैया पैसा १९ र प्रदेश सरकार राजस्व बाँडफाँडबाट रु २६ लाख ४० हजार ९ सय ४८ गरी जम्मा ३ करोड ८८ लाख ५८ हजार ४ सय १५ प्राप्त हुन बाँकी रहेको छ । यसबाट गाउँपालिकाले सम्पन्न गर्ने भनेका कार्यक्रमहरु सम्पन्न गर्न सकिएन भने पुँजीगत तर्फ विनियोजित भएका कतिपय आयोजनाहरुको सम्झौता गर्न सकिएन र सम्झौता हुन बाँकी कतिपय योजनाहरुको फरफारक गर्न समेत कठिनाई भएको छ। साथै हाम्रो गाउँसभाले चालु आ.व. का लागि प्रक्षेपण गरेको आन्तरिक आय प्रस्ताव गरे जति संकलन हुन नसकेकाले आन्तरिक आयतर्फका कतिपय योजनाहरु प्रभावित भएका छन् जसले गर्दा हामीले तय गरेका लक्ष्यहरु हासिल हुन सकेनन्।

१२. हाल विश्व नै कोरोना भाईरस (कोभिड १९) सँग जुधिरहेको छ। यसका बावजुद पनि हामीले हाम्रा विकास तथा निर्माणका कार्यहरु अगाडि बढाइरहेका छौ। हामीले चालु आवमा चालु तर्फ रु १९ करोड ४१ लाख १२ हजार ६ सय ६९ व्यय गरेका छौ जुन विनियोजित रकम रु.३१ करोड ८१ लाख १३ हजार १ सय ४३ को ६१.०२ प्रतिशत हुन आउँछ। त्यस्तै पुँजीगत तर्फ रु २३ करोड ८४ लाख ४३ हजार ९ सय २९ विनियोजन भएकोमा रु. ८ करोड ३७ लाख ७४ हजार ५ सय ९२ व्यय भएको छ जुन चालु आ.व. का विनियोजित रकमको ३५.१३ प्रतिशत हो। क्षेत्रगत रुपमा सडक तथा पुलतर्फ रु ४ करोड ९ लाख ४८ हजार ६ सय १, भवन आवास तर्फ रु २ करोड १७ लाख ६८ हजार ३ सय ७६, खानेपानी तर्फ रु १८ लाख ७४ हजार ४ सय ६३, ऊर्जा तर्फ रु ६

लाख ७२ हजार १ सय ९० खर्च भएको छ । विपद् व्यवस्थापन तर्फ यस गाउँपालिकाको गाउँसभाबाट रु. ६ लाख ६४ हजार ३ सय ७९, प्रदेश सरकारबाट रु. १० लाख, गाउँपालिकाका कर्मचारीबाट ३ लाख ३५ हजार ६ सय २१, जनप्रतिनिधि ७३ हजार गरी २० लाख ७३ हजार विपद व्यवस्थापन कोषमा जम्मा भएकोमा हालसम्म रु. १२ लाख ५ हजार खर्च भएको छ भने क्वारेन्टाईन निर्माण र व्यवस्थापन, राहत वितरण तथा विदेशबाट आउने दुप्चेश्वरवासीहरुलाई क्वारेन्टाईनसम्म ल्याउन तथा पिसिआर चेक गर्नलाई अस्पतालसम्म आवत जावतका लागि भएको खर्चको भुक्तानी गर्न बाँकी रहेको छ।

१३. संघ, प्रदेश र आन्तरिक आम्दानीको अनुमानित आय विवरण **<u>अनुसूची-१</u>** मा समावेश गरेको छु ।

**सम्मानित सभाध्यक्ष ज्यू, अब म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

<u>कृषि तथा पशुपालन</u>

१४. **कृषि निर्भर दुप्चेश्वर** निर्माण अभियानलाई सार्थकता प्रदान गर्न यस क्षेत्रमा उत्पादन हुने समुन्द्रफिनी धान उत्पादन अभिवृद्धि कार्यक्रमका लागि रु ३ लाख विनियोजन गरेको छु ।

१५. बाँझो जमिनमा खेती गर्ने कार्यलाई प्रोत्साहित गर्न, कोरोना लगायत अन्य कारणले गाउँ फर्किएका युवाहरुलाई स्वावलम्बी बनाउन तरकारी, खाद्यान्नको बीउ, प्लाष्टिक टनेल, स्प्रेयर, अन्य आवश्यक कृषि औजार अनुदान कार्यक्रम सञ्चालनार्थ रु ५ लाख विनियोजन गरेको छु ।

१६. क्षेत्रगत रुपमा अधिक सम्भावना बोकेको खुरपानी, दाँते ओखर, कागती, किवि खेतीको पकेट क्षेत्र विस्तारका लागि रु ५ लाख विनियोजन गरेको छु ।

१७. पशुपंक्षीमा महामारीको रुपमा देखिने विभिन्न रोग (भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर, रानीखेत, गम्बरो) नियन्त्रणको लागि नियमितरुपमा आवश्यक औषधी र खोपको भण्डारण गरी राख्ने व्यवस्थाका लागि रु २ लाख विनियोजन गरेको छु ।

१८. गरिब, दलित, निम्न आय भएका महिलाहरुलाई समूहमा आबद्ध गरी **बाखा पैंचो कार्यक्रम** सञ्चालनको लागि रु २ लाख विनियोजन गरेको छु ।

१९. पशुपालक किसानलाई उत्साहित गर्न गाई भैंसीमा सुत्केरी भत्ता कार्यक्रम अगाडि बढाउन १.५ लाख विनयोजन गरेको छु ।

२०. पशुविकासको लागि नश्लसुधारमा जोड दिन यस दुप्चेश्वर गाउँपालिकालाई बाख्राको पकेट क्षेत्र बनाई बाख्रामा कृतिम गर्भाधान सेवा सुचारु गर्न र पशुविमा कार्यक्रम सञ्चालन गर्न रु ५.५ लाख विनियोजन गरेको छु ।

२१. पाखाबारी, कान्ला र त्यसै खेर गइरहेको जमिनमा पोषणयुक्त घाँस (जै, वर्सिम) रोषणका लागि अनुदानका लागि रु २ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य**

२२. गाउँपालिकाभित्रका वडा नं २, ४ र ५ स्वास्थ्य संस्थाहरुमा प्रजनन् स्वास्थ्य केन्द्र विस्तार तथा सुदृढीकरण गर्न, गर्भवती महिलाको पोषण अवस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित बृद्धि बिकासमा मद्दत पुर्याउने हेतुले संचालनमा ल्याइएको गर्भवती महिलाको घरमा झण्डा र हातमा अण्डा कार्यक्रमलाई निरन्तरता दिन, पूर्ण संस्थागत सुत्केरी कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा पूर्वाधार विकास, औषधी तथा जनशक्तिको व्यवस्थापन गरी सेवाको समतामूलक पहुँच एवम् गुणस्तरमा बृद्धि गर्न, प्रयोगशाला सुदृढीकरण गर्न, भिडियो एक्सरे मेसिन खरिद र सञ्चालन गर्न, HIMS फाराम फरम्याट छपाई, स्थानीय भाषामा पोषण सम्बन्धी स्वास्थ्य सन्देश विकास गर्न, महामारी तथा अन्य स्वास्थ्य सेवा सम्बन्धी स्वास्थ्य शिक्षा सामग्रीको व्यवस्थापन गर्न, विद्यालय साथी शिक्षा कार्यक्रम कार्यान्वयन लगायत स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु ५३ लाख विनियोजन गरेको छु ।

२३. प्रजनन तथा यौन स्वास्थ्य सूचना तथा परामर्श विशेष केन्द्र र बालपोषण केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा**

२४. शून्य दरबन्दी भएका प्राथमिक विद्यालय, निम्नमाध्यमिक विद्यालय र माध्यमिक तह सञ्चालित भई शिक्षक दरबन्दी नभएका विद्यालयहरुलाई भौचर प्रणालीमा आधारित शैक्षिक सुदृढीकरण मार्फत् अनुदानको व्यवस्था गरी शिक्षण सिकाइलाई अगाडि बढाउनु र शिक्षामा सबैको सहज पहुँच सुनिश्चित गर्नु अत्यावश्यक देखिएको छ । उच्च शिक्षा अध्ययन गर्ने दलित, जनजाति, सहिद तथा वेपत्ता पारिएका, बैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारका आश्रित व्यक्तिलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था, विद्यालय स्तरीय शैक्षिक क्यालेन्डरमा उल्लेखित क्रियाकलाप सञ्चालन, ३ वटा विद्यालयबाट टेलिएजुकेशन प्रविधिको प्रयोग मार्फत् शिक्षणको थालनी, तामाङ भाषाको स्थानीय पाठ्यक्रम विकास लगायतका क्रियाकलाप सञ्चालनका लागि रु ६४ लाख विनियोजन गरेको छु ।

**महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक**

२५. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोतसाधन अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।बजेटका माध्यमबाट महिला सशक्तीकरण, महिला-पुरुष समविकास, १६ दिने लैंगिक हिंसा विरुद्धको कार्यक्रम सञ्चालन र सचेतीकरण, उच्च शिक्षा हासिल गर्ने छात्राको अभिभावकलाई प्रोत्साहन कार्यक्रम, वृत्तिविकासका अवसरहरु सिर्जना गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगका तयारी कक्षा सञ्चालन गरी सहभागीलाई राष्ट्रसेवा प्रति सकारात्मक भावको विकास गराउन, अपाङ्गता भएका व्यक्तिहरुलाई घुम्ती सेवा मार्फत् घरदैलो सेवा प्रवाह गर्न, ज्येष्ठ नागरिक घरदैलो अभियान सञ्चालन गरी सेवा प्रवाहको गुणस्तर र स्थानीय सरकारको प्रभावकारीता अभिवृद्धि गर्न, परम्परागत रुपमा गडिएर

रहेका हानीकारक सामाजिक संरचना(बालविवाह, बहुविवाह) विरुद्धका कार्यक्रम सञ्चालन गर्न, न्यायिक समितिको व्यवस्थापकीय पक्षमा सुधार गर्न महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक तर्फ २५ लाख विनियोजन गरेको छु ।

२६. सीप तथा क्षमता विकासका माध्यमले सिर्जनशीलता अभिवृद्धि गर्दै स्वावलम्बी नागरिक बन्ने आधारशीला तयार पार्न रु ५ लाख विनियोजन गरेको छु ।

**भौतिक पूर्वाधार विकास**

२७. नीति तथा कार्यक्रममा प्रस्तुत गरिए बमोजिम प्रदेश समपूरक, संघीय समपूरक बजेट, विगतका वर्षहरुमा कार्यारम्भ भई सम्पन्न हुन बाँकी रहेका पूर्वाधार विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२८. तीव्र गतिमा निर्माण भई रहेको गाउँपालिका भवन लगायत अन्य निर्माणाधिन कार्यलाई शीघ्र सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. चालु आ.व. मा सम्झौता भई भुक्तानी हुन नसकेका आयोजनाहरुलाई यस आ.व. मा सम्पन्न गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३०. वडागत योजनाहरु सञ्चालन गर्नका लागि सातै वडामा एकमुष्ट १ करोड ४० लाख विनियोजन गरेको छु । जसको पूर्ण विवरण **अनुसूची २** मा राखिएको छ ।

भौतिक पूर्वाधार विकास तर्फको विस्तृत विवरण **अनुसूची ३** मा उल्लेख गरिएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम (कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना)**

३१. आ.व २०७७।७८ मा यस गाउँपालिकालाई संघीय सरकारद्वारा ससर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम (कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना)मा उपलब्ध हुने रु २२ लाखलाई तपसील बमोजिम विनियोजन गरेको छु ।

वडा नं १ लामपाडे, चेखेन, छ्यागुम पदमार्ग निर्माण रु ४ लाख

वडा नं २ बेप्चो, कँडेनी, ओडारे पदमार्ग निर्माण रु ३ लाख

वडा नं ३ दोरदोरे वेमाताइपा,खतिवडा टोल, पण्डित टोल, माथिल्लो हुँङ गोरेटो बाटो मर्मत रु ३ लाख

वडा नं ४ माझबारी वडा कार्यालय गोरेटो बाटो मर्मत रु ४ लाख

वडा नं ५ धुसेनी मसिने डाँडा गोरेटो बाटो निर्माण रु ३ लाख

वडा नं ६ गोरेटो बाटो निर्माण रु २ लाख

वडा नं ७ सिम्टाङ्ग छाप हुँदै वडा कार्यालय आउने गोरेटो बाटो निर्माण रु ३ लाख

## युवाका लागि रुपान्तरण पहल आयोजना कार्यक्रम

आ.व २०७७।७८ मा यस गाउँपालिकालाई संघीय सरकारद्वारा ससर्त अनुदान अन्तर्गत युवाका लागि रुपान्तरण पहल आयोजना कार्यक्रमका लागि उपलब्ध हुने रु ५१ लाख ७० हजारलाई वडागत रुपमा तपसील बमोजिम रकम विनियोजन गरेको छुः

वडा नं १

- हुङ्दीखोला, तालु डाँडा, ग्याँचे, सूर्यकुण्ड हुँदै गोसाइकुण्ड पदमार्ग निर्माण रु १० लाख
- चेताङ, माङ्गेन, ठाडे पदमार्ग निर्माण रु ५ लाख

वडा नं २

- ढाडे, बोलगाउँ, पाङ्गर सडक नाला निर्माण रु ६ लाख ७० हजार

वडा नं ३

- कामे रुम्टा सिँचाइ आयोजना रु २ लाख
- धनपति मन्दिर निर्माण रु २ लाख
- झगडे फापरखेत गोरेटो बाटो निर्माण रु ३ लाख

वडा नं ४

- ढोडेनी, डाँडागाउँ, माप्ले, नाटाङ पदमार्ग निर्माण रु ३ लाख
- अर्चले जिम्माङ कमलमाणिक विद्यालय हुँदै साविक २ नं वडाको पदमार्ग निर्माण रु ३ लाख
- हाँडी खोला सिँचाइ आयोजना निर्माण रु २ लाख

वडा नं ५

- तातोपानी अर्चले गोरेटो बाटो निर्माण रु ५ लाख

वडा नं ६

- साना सिँचाइ मर्मत रु ४ लाख

वडा नं ७

- बछ्ला देवीस्थानदेखि सागरकुण्ड पदमार्ग निर्माण रु ७ लाख

## विपद् तथा महामारी व्यवस्थापन

**३२.** क्षेत्रगतरुपमा विपद् जोखिम न्यूनिकरणका लागि प्राविधिक टोलीद्वारा नक्सांकन गरी पहिचान, सचेतनात्मक कार्यक्रम सञ्चालन तथा विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना रोकथाम तथा नियन्त्रणका लागि कोरोना कोषमा रु ५० लाख विनियोजन गरेको छु ।

**सहकारी र वित्तीय क्षेत्रः**

३३. गाउँपालिका क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता अभिबृद्धि गर्न गाउँपालिका क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति बमोजिम सहकारीको माध्यमबाट गरिब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न रु ७ लाख विनियोजन गरेको छु ।

**सामुदायिक संघ संस्था**

३४. गाउँपालिका क्षेत्रभरमा कार्यरत विभिन्न विकास साझेदार, सामाजिक संघ संस्था, गैसस, सहकारी संस्थाहरु, महिला संजाल तथा समूह, युवा क्लव लगायत सबैसँग आवश्यक सहकार्य गरी समृद्ध दुप्चेश्वर निर्माण अभियानमा सहभागी हुन रु ५ लाख विनियोजन गरेको छु ।

**सार्वजनिक सेवा प्रवाह**

३५. गाउँकार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत कार्यालय मार्फत् प्रवाह गर्ने सेवालाई जनमुखी, उत्तरदायी, पारदर्शी, सहयोगात्मक, प्रविधिमैत्री बनाउन प्रशासकीय पुनर्संरचनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

१. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट गाउँवासीहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन, गाउँ सरकारको प्रभावकारिताको अभिबृद्धि भई नागरिकहरुले स्थानीय सरकारको सवल र प्रभावकारी उपस्थिति रहेको महशुस गर्नेछन् भन्ने विश्वास लिएको छु ।

२. दुप्चेश्वर गाउँपालिकाको बजेट तथा कार्यक्रम निर्माण कार्यमा मार्गदर्शन प्रदान गर्नुहुने गाउँसभा सदस्य, दुप्चेश्वरवासी सम्पूर्ण बुबा, आमा, दाजुभाइ तथा दिदीबहिनीहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरु र गाउँपालिकामा कार्यरत् प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त राय सल्लाह, सुझाव र सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । कोरोना भाइरसका कारण असहज बनेको वर्तमान परिवेशलाई परास्त गर्दै बजेटले निर्देश गरेका कार्यक्रमहरु कुशलतापूर्वक सञ्चालन गरी **समृद्ध दुप्चेश्वर, सुखी दुप्चेश्वरवासी** यस सपनालाई साकार पार्न रचनात्मक सहयोगको अपेक्षा गर्दछौं ।

**दुप्चेश्वर भगवानले हामी सबैको कल्याण गरुन्**
**जय दुप्चेश्वर ।**

धन्यवाद ।

अञ्जु आचार्य
उपाध्यक्ष

दुप्चेश्वर गाउँपालिका, नुवाकोट
मितिः२०७७ साल असार १० गते बुधबार

अनुसूची १

**दुप्चेश्वर गाउँपालिकालाई प्राप्त हुने अनुमानित अनुदान आव २०७७।७८**

| क्र.स. | विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ८८००००००० |
| २ | प्रदेश समानीकरण अनुदान | ९९६३००० |
| ३ | संघ राजस्व बाँडफाँड | ७२३१९०९४ |
| ४ | प्रदेश राजस्व बाँडफाँड | १५९७७००० |
| ५ | आन्तरिक आय | ४५००००० |
| ६ | संघीय शसर्त अनुदान | १७९१००००० |
| ७ | प्रदेश  शसर्त अनुदान | १९३४१००० |
| ८ | प्रदेश समपुरक | २९७८१००० |
| ९ | नेपाल सरकार समपुरक अनुदान | - |
| १० | नेपाल सरकार विषेश अनुदान | - |
| ११ | प्रदेश सरकार विषेश अनुदान | - |
| **जम्मा** | | ४१८९१८०९४ |

| क्र.स. | विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ८८००००००० |

| | | |
|---|---|---|
| २ | प्रदेश समानीकरण अनुदान | ९९६३००० |
| ३ | संघ राजस्व बाँडफाँड | ७२३१९०९४ |
| ४ | प्रदेश राजस्व बाँडफाँड | १५९७७००० |
| ५ | आन्तरिक आय | २५००००० |
| ६ | प्रदेश समपुरक | २९७१८००० |
| **जम्मा** | | २१८४४७७०९४ |

## अनुसूची २

**वडा स्तरीय समितिबाट स्वीकृत भई आएका आयोजना, कार्यकमहरुको विवरण**

| वडा नं. १ | | हजारमा |
|---|---|---|
| १. | बोलुङ पहिरो नियन्त्रण | ५५०००० |
| २ | घ्याङ्फेदी रिकिश्वरी मन्दीर , च्यामादुङ् हुप्केल मोटर बाटो | ४००००० |
| ३. | उब्रा,घ्यावर, तालुकसेरी मोटरबाटो सोलीङ,तारजालि | ३००००० |
| ४. | खानेपानी पाईप खरिद | २००००० |
| ५. | सेल्जुङ काउले मोटरबाटो | ३००००० |
| ६. | आख्यु सेलोले मोटर बाटो | २००००० |
| ७. | डुप्काङ् गुम्बा प्लाष्टर | ५०००० |
| **थप माग गरिएका योजनाहरु** | | |
| १. | चेताङ तालुकसेरी मोटर बाटो निर्माण | १५००००० |
| २ | विद्यालय भवन तथा वडा कार्यालय कम्पाउन्ड वाल | १०००००० |
| ३. | घ्याङ् खोला मोटरेवल पुल | |
| **वडा नं. २** | | |
| १. | कलाङतोङ पानी मुहान संरक्षण(हुङ) | ४००००० |
| २ | छयुदेरछ्या सडक मर्मत | ४००००० |
| ३. | मागु छाम दाङ् (कडेनी) | २००००० |
| ४. | खेलडाँडा सामुदायिक भवन निर्माण(ढाँडे) | ५००००० |
| ५. | लोटोल सामुदायिक भवन मर्मत तथा ट्वाईलेट निर्माण | ४००००० |
| ६. | मेगोदे सडक ढुङ्गा फुटाउने तथा सोलिङ(पाङ्गर) | १००००० |
| **वडा नं. ३** | | |
| १. | दुप्चेश्वर ३ सिँचाई मर्मत | ८००००० |

| | | |
|---|---|---|
| २ | फापरखेत महिला समुह भवन | ३००००० |
| ३. | गहतार झगडे सामुदायिक भवन | ३००००० |
| ४ | दुप्चेश्वर ३ खानुपानी पाईप खरिद | ३००००० |
| ५. | हुङ्ग मरणपाटी तथा खानेपानी मर्मत | ३००००० |
| **कमागत योजनाहरु** | | |
| १. | माङ्ग साङ्ग सडक वाल निर्माण | ८००००० |
| २ | दुप्चेश्वर महिला विकास भवन | २००००० |
| **वडा नं.४** | | |
| १. | गैरुटोल खानेपानी मर्मत | २५०००० |
| २ | गुन्जा खानेपानी मर्मत | २००००० |
| ३. | टुडी खानेपानी मर्मत | १५०००० |
| ४. | पारगाँउ हाडीखोला खानेपानी मर्मत | २००००० |
| ५. | ढोडेनी मानेडाडा खानेपानी मर्मत | २००००० |
| ६. | गोल्फु भञ्ज्याङ्ग खानेपानी मर्मत | १००००० |
| ७. | बरुटोल खानेपानी मर्मत | २००००० |
| ८. | भुमेस्थान विधालय कम्पाउन्ड वाल निर्माण | ६००००० |
| ९. | सिङ्फले बाखाफर्म खानेपानी निर्माण | १००००० |
| **वडा नं. ५** | | |
| १ | अर्चले मरन पाटी | २००००० |
| २ | सल्ले मरन पाटि | २००००० |
| ३. | भवन डाँडा मरनपाटी र मोटरबाटो | ३००००० |
| ४. | ढिस्को डाँडा मरन पाटी | २००००० |
| ५. | वडा नं. ५ खानेपानी ट्याङ्की निर्माण | ५००००० |
| ६. | पुरकाङ गुम्बा घडेरि निर्माण | १५०००० |
| ७. | राम्चे मेला व्यवस्थापन प्रचार प्रसार | १००००० |
| ८. | निगाले भङ्गृरी आरन सुधार | १००००० |
| ९. | थिङ्टोल धुसिनी मोटरबाटो | १२५००० |
| १०. | थापाटोल धुसिनी मोटरबाटो | १२५००० |
| **कमागत योजनाहरु** | | |
| १ | भ्याङ्गले सडक | ४००००० |
| २ | डिडी डाँडा सिंचाई | ३००००० |
| ३. | बालकुमारी मन्दिर | १००००० |

| | | |
|---|---|---|
| ४. | झाँग्रीखेत सिँचाई | १००००० |
| ५. | चकेश्वर मन्दिर निर्माण | १५०००० |
| ६. | वडा नं. ५ खानेपानी | २००००० |
| ७. | निगाले पहिरो नियन्त्रण | ७००००० |
| ८. | उज्वल तार कृषि सहकारी शौचालय | १५०००० |
| ९. | बुकिनी मरनपाटि | २००००० |
| १०. | सिमखेत थापाटोल मोटरबाटो | १००००० |
| **वडा नं. ६** | | |
| १. | सामुदायिक भवन चेलाङ टोल करेजुङ् | ४००००० |
| २ | सामुदायिक भवन करेजुङ् | ४००००० |
| ५. | वडा कार्यालय बाटो निर्माण | ३००००० |
| ६. | नौविसे सामुदायिक भवन | २००००० |
| ७. | वडा कार्यालय कम्पाउण्ड वाल निर्माण | ४००००० |
| ८. | कार्यशाला हल निर्माण | ३००००० |
| **वडा नं ७** | | |
| १ | शिखरबेशी स्वास्थ्य चौकीमा डकस्किम र जेनेरेटर खरिद | २६०००० |
| २ | च्यानडाँडा आ.प्रा.वि मा तारजाली | १७०००० |
| ३ | मानेडाँडा आ.प्रा.वि मा तारजाली | २२०००० |
| ४. | बच्छला मा.वि मा बेन्च निर्माण | १००००० |
| ५. | वडास्तरीय बच्छला मा.वि सम्बन्धी कृषि कार्यक्रम | २००००० |
| ६. | महिला सन्जाल द्धारा सन्चालति सिलाई कटाई तालिम | १५०००० |
| ७. | पीपलडाँडा पहरामुनि खा.पा. पाईप लगायत सामान खरिद | ३००००० |
| ८. | फाँटको गोरेटो बाटो निर्माण | ३५०००० |
| ९. | चनौटे लछेको धारो बाटो निर्माण | २५०००० |

**क्रमागत योजनाहरु**

| | | |
|---|---|---|
| १. | सिम्टाङ गाँउघर क्लिनिक भवन | ५००००० |
| २ | छ्यास खोला मुहान हिले सिँचाई | ४००००० |
| ३. | हिन्दु तथा बौद्ध धर्म सँरक्षँण | १००००० |
| ४. | ठूली भेडाबारी सिँचाई मर्मत | १००००० |
| ५. | ठुलीखेत भेडाबारी सिम्टाङ मोटरबाटो | १२००००० |
| ६. | सिस्नुघारी खत्री खोल्सा खानेपानी | ४१०००० |
| ७. | गा.वि.स भवन तिल्के मोटरबाटो को बाँकि रकम फाँटको बाटोमा रुपान्तरण गर्ने | ३००००० |

| | | |
|---|---|---|
| ८. | जगन्नाथको घट्ट भेडाबारी सिँचाई | २००००० |
| ९. | शिखरबेशी स्वास्थ्य चौकीमा एक्सरे मेशिन | |

**अनुसूची-३**

| सिनं | आयोजना/कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | मिश्र भन्ज्याङ उकालो, लक्ष धारा सोलिङ, पहिरे बास खोल्सा हिमपाइप | ५००००० |
| २ | सिङ्गी स्यौङ महिनाइपा मुहान गरी बरुटोल खानेपानी आयोजना | ३००००० |
| ३ | सिमचौर लो लामाटोल बाटो स्तरोन्नति | ९००००० |
| ४ | दोङ्जे किगाङ मोटरबाटो स्तरोन्नति | ४५०००० |
| ५ | गौडापुलदेखि बोके ढुङ्गा जाने गोरेटो बाटो निर्माण | २५०००० |
| ६ | नाटाङ भन्ज्याङ सार्वजनिक शौचालय निर्माण | ३००००० |
| ७ | घ्याङडाँडा नाम्सागाङ पहिरो नियन्त्रण | ४५०००० |
| ८ | सरमथली हुँङ सडक स्तरोन्नति | ५००००० |
| ९ | समाज सुधार तथा संरक्षण समाज ओडारे भवन निर्माण | ९००००० |
| १० | भुमेस्थान मन्दिर, करेजुङ तारजाली | १००००० |
| ११ | छोला घ्लाङ् टोल डिप्लो खानेपानी मर्मत | १००००० |
| १२ | ओडारे भन्ज्याङ सामुदायिक भवन निर्माण | ४००००० |
| १३ | सिलामे सिरान वन्यजन्तु नियन्त्रण कार्यक्रम | ३००००० |
| १४ | ताखोर हुँदै ऐजो घ्याङफेदी सडक निर्माण | ७००००० |
| १५ | घ्याङफेदी मावि विद्यालय सुरक्षा वाल निर्माण | ५००००० |
| १६ | चेताङ सडक निर्माण | ५००००० |
| १७ | तालुकसेरी सडक निर्माण | ६००००० |
| १८ | सामुदायिक सभागृह भवन निर्माण | ५००००० |
| १९ | मङ्गलिन चिस्यान केन्द्र निर्माण | ७००००० |
| २० | पाङ्गर मेगोदे युङवातार कुटुङसाङ सडक स्तरोन्नति | ६००००० |
| २१ | जोङगेन ढुङ्गा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | ३००००० |
| २२ | ग्लान डारछ्यालिङ गुम्बा मन्दिर निर्माण | ६००००० |
| २३ | मिश्र भन्ज्याङ फेदी तादी खोला मरणघाटदेखि घ्याङफेदी जाने सडकसम्म पक्की छिंडी निर्माण | ५००००० |
| २४ | पुल्चोक पहिरो नियन्त्रण | ५००००० |
| २५ | सिम्टाङ मरणपाटी निर्माण | ३००००० |
| २६ | हुङ भुमेस्थान गुफा व्यवस्थापन | ५००००० |

| | | |
|---|---|---|
| २७ | स्याङतान बारी मुहान गरी गङटोल खानेपानी आयोजना | ३००००० |
| २८ | थापाटोल नाकीचौर हुँदै उदीनढुँगा सागरकुण्ड स्तरोन्नति | ५००००० |
| २९ | तेम्वाङ छेकाप गुम्बा निर्माण | ५००००० |
| ३० | झिल्केस्वाँरा खानेपानी आयोजना | ३००००० |
| ३१ | दुसिङ खेत सिँचाइ आयोजना | ३००००० |
| ३२ | नौविसे पहिरो नियन्त्रण | २००००० |
| ३३ | कालिका मन्दिर निर्माण | ५००००० |
| ३४ | खोर्याङखोल्सा भन्ज्याङ डाँडा सिँचाइ मर्मत | ३००००० |
| ३५ | दिच्छलोन व्यप्चो सडक स्तरोन्नति | ८००००० |
| ३६ | समीबोट चौतारो निर्माण | २००००० |
| ३७ | सुन्दरादेवी मन्दिर निर्माण | २००००० |
| ३८ | बोनडाँडा मरनपाटी निर्माण | ३००००० |
| ३९ | चक्रेश्वर मन्दिर निर्माण | ३००००० |
| ४० | खोर्‍याङखोला मुहान गरी पहिरे खेत तारजाली | १००००० |
| ४१ | ठूलो सिम थापा टोल सडक मर्मत | ३००००० |
| ४२ | भन्ज्याङडाँडा थापा टोल पहिरो नियन्त्रण | ४००००० |
| ४३ | भवन डाँडा पहिरो नियन्त्रण | ३००००० |
| ४४ | माङ्ग्यान आरन सुधार कार्यक्रम | १००००० |
| ४५ | सिमटाङ माला भन्ज्याङ सडक स्तरोन्नति | ७००००० |
| ४६ | माङसाङ चौतारो निर्माण | २००००० |
| ४७ | गोल्फूभन्ज्याङ मावि खेलकूद मैदान निर्माण | ५००००० |
| ४८ | बोलुङ सामुदायिक भवन निर्माण | ४००००० |
| ४९ | देवी स्थान मन्दिर पर्खाल निर्माण | २००००० |
| ५० | खाइपाटोल हुँदै इकेश्वरी महादेव मन्दिर जाने मोटर बाटो | ३००००० |
| ५१ | परम्परागत पञ्चेबाजा संरक्षण कार्यक्रम | १००००० |
| ५२ | बङ्गुर फर्म कल्लेरी हुँदै देउराली हुँङ मोटर बाटो सडक निर्माण | ३००००० |
| ५३ | पाङ्गर मेगोदे स्यातानटोल सडक निर्माण | २००००० |
| ५४ | चुली दुङबु छोकाङ उ स भवन निर्माण | ३००००० |
| ५५ | आमायाङग्री दुप्चे मन्दिर निर्माण | २००००० |
| ५६ | काफेडाँडा मरनपाटी निर्माण | २००००० |
| ५७ | टासी साम्लीङ गुम्बा मर्मत | ३००००० |
| ५८ | रुकमणी मावि आइसिटि ल्याव व्यवस्थापन | १०००००० |
| ५९ | ठूली खेत सिम्टाङ लामाटोल गोरेटो बाटो निर्माण | ३००००० |

| | | |
|---|---|---|
| ६० | काकाम्राङ सिँचाइ जिम्नाङ | १०००००० |
| ६१ | बन्छार सामुदायिक भवन | १००००० |
| ६२ | संस्कृत गुरुकूल संरक्षण कार्यक्रम | ३००००० |
| ६३ | बोलदुम्चे खानेपानी मर्मत | ३००००० |
| ६४ | दुप्चेश्वर मन्दिर परिसरमा क्यामरा तथा वत्ती व्यवस्थापन | ३००००० |
| ६५ | राउतवेशी फोहर ब्यवस्थापन | ३००००० |
| ६६ | रामती फोहर व्यवस्थापन | ३००००० |
| ६७ | मेगोवगर खोल्सो कल्भट निर्माण | १०००००० |
| ६८ | चनभूमे प्रावि वाल निर्माण | २००००० |
| ६९ | पहोरोमुनि मन्दिर निर्माण | १५०००० |
| ७० | ५ नं वडा कार्यालय भवन निर्माण | १०००००० |
| ७१ | ३ नं वडा कार्यालय भवन निर्माण | १०००००० |
| | हेलिप्याड निर्माण वडा नं १, २ र ३ | ९००००० |
| ७२ | विलाङ जोगीटोल सामुदायिक भवन पाङगर | ५००००० |
| | जम्मा | ३०७००००० |

## दुप्चेश्वर गाउँपालिका क्रमागत योजना

## आ.व. २०७७/७८

| | | | |
|---|---|---|---|
| १ | ग्याल्मी किगाङ्ग गोरेटो बाटो | १००००० | वडा १ |
| २ | तल्लो हुँङ्ग खेलकुद मैदान | ६००००० | ३ |
| ३ | दुप्चेश्वर महिला विकास भवन | २००००० | ३ |
| ४ | युस यस किवि माहुरी पालन | ३००००० | ४ |
| ५ | महेन्द्र प्रावि दलित बस्ती कालाभञ्याङ्ग सडक | ३००००० | ४ |
| ६ | घ्याङ मरनपाटी निर्माण | २००००० | ४ |
| ७ | भ्याङ्ले बजार सडक | ४५०००० | ५ |
| ८ | माङसाङ सडक वाल निर्माण | ८००००० | ३ |
| ९ | ६ नं. खानेपानी पाईप वितरण | ५००००० | ६ |
| १० | ढाडखर्क सामुदायिक भवन निर्माण | ४५०००० | ६ |
| ११ | मन्दिर निर्माण | ५००००० | ६ |
| १२ | माहुरीपालन प्रवर्द्धन | ६५०००० | ६ |
| १३ | समुन्द्रटार मरणपाटी निर्माण | २००००० | ६ |

| | | | |
|---|---|---|---|
| १४ | पर्यापर्यटन विकास | ३०००००० | ६ |
| १५ | सिम्टाङ गाउँघर क्लिनिक भवन निर्माण | ३५०००० | ७ |
| १६ | दुप्चेश्वर मेला व्यवस्थापन | ५०००००० | ६ |
| | **जम्मा** | **६४००००००** | |
| | कूल जम्मा | ३७१००००० | |

## दुप्चेश्वर गाउँपालिका विनियोजन

| **क्र.स.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | चालु खर्च | ४२५१०००० |
| २ | शिक्षा | ६४००००० |
| ३ | स्वास्थ्य | ६०००००० |
| ४ | महिला वालविलका, अपाङ्ग तथा  जेष्ठ नागरिक कार्यक्रम | २४००००० |
| ५ | पशु | १५००००० |
| ६ | कृषि | १०००००० |
| ७ | वडागत विनियोजन | १४०००००० |
| ८ | विपद व्यवस्थापन कोरोना सहित | ५०००००० |
| ९ | क्रमागत योजना - विभिन्न ठेक्काहरु | ५९१०५९२२ |
| १० | प्रदेश समपुरक कार्यक्रम | २९७१८००० |
| ११ | म्याचिङ्ग फण्ड- खा.पा., झो.पु. तथा सडक बोर्ड | ३०००००० |
| १२ | गा.पा.तथा वडा कार्यालय फर्निचर तथा फर्निसिङ्ग | ५०००००० |
| १३ | खेलकुद विकास कार्यक्रम | १०००००० |
| १४ | मेशीनरी तथा औजार | १०००००० |
| १५ | आर्थिक सहायता | १०००००० |
| १६ | अन्य कर्मचारी व्यवस्थापन | २५००००० |
| १७ | छात्रवृत्ति कार्यक्रम | २००००० |
| १८ | सामाजिक तथा सास्कृतिक विकास कार्यक्रम | ५००००० |

| | | |
|---|---|---|
| १९ | सहकारी प्रवर्द्धन कार्यक्रम | २००००० |
| २० | कर्मचारी कल्याणकारी कोष | ४००००० |
| २१ | सीप विकास तथा क्षमता विकास कार्यक्रम | ५००००० |
| २२ | विविध योजनाहरु | ३७१००००० |
| **जम्मा** | | **२२००३३९२२** |

**संघीय तथा प्रदेश सरकारसँग माग गर्ने योजनाहरुको विवरण**

| सिनं | आयोजनाको नाम | विशेष/समपूरक | रकम |
|---|---|---|---|
| १ | समुन्द्रटार हुँङ ओडारे कँडेनी सडक स्तरोन्नति | समपूरक संघीय | १००००००० |
| २ | मिश्रभन्ज्याङ बछला मावि सागरकुण्ड सडक स्तरोन्नति | समपूरक प्रदेश | १००००००० |
| ३ | धनेश्वर प्रावि भवन निर्माण | विशेष संघीय | ७५००००० |
| ४ | भूमेस्थान निमावि भवन निर्माण | विशेष प्रदेश | १००००००० |
| ५ | दुप्चेश्वर एकीकृत सहरी विकास पूर्वाधार समुन्द्रटार | संघीय/प्रदेश | ५००००००० |
| ६ | दोङजेखोला मोटरेवल पुल निर्माण | संघीय/प्रदेश | ५०००००० |
| ७ | गोल्फुखोला सिस्नेरी मोटरेवल पुल निर्माण बेतिनी | संघीय/प्रदेश | ५०००००० |

**संघीय तथा प्रदेश सरकार निर्वाचन क्षेत्र विकास कोष मार्फत् माग गर्ने योजनाहरुको विवरण**

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |